# क्यान्सर रोग लागेका विपन्न नागरिकलाई औषधी उपचारमा सहुलियत प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७७

प्रस्तावनाः बागमती प्रदेश भित्रका स्थायी बसोबास गर्ने विपन्न नागरिकलाई क्यान्सर रोगको उपचारमा सहुलियत प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्नको लागि प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ को दफा ८५ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "क्यान्सर रोग लागेका विपन्न नागरिकलाई औषधी उपचारमा सहुलियत प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अस्पताल" भन्नाले यस कार्यविधिको अनुसूची-१ मा उल्लेख भएका नेपाल सरकारबाट क्यान्सर रोगको उपचारका लागि संघीय निर्देशिका बमोजिम सूचिकृत तथा यस मन्त्रालयमा सूचिकृत बागमती प्रदेश भित्रका अस्पतालहरु सम्झनु पर्छ र सो शब्दले समय समयमा नेपाल सरकारको निर्णयबाट तोकेका अस्पताललाई समेत जनाउँछ ।

(ख) "क्यान्सर रोग" भन्नाले हिस्टोप्याथोलोजी, रेडियोलोजी तथा विशेषज्ञ चिकित्सकको निष्कर्ष अनुसार पुष्टी भई शरिरको विभिन्न भागमा लाग्ने क्यान्सर रोग सम्झनु पर्छ ।

(ग) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहत रहेको स्वास्थ्य निर्देशनालयलाई सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ

(ङ) "भुक्तानी सिफारिस समिति" भन्नाले दफा ८ बमोजिमको भुक्तानी सिफारिस समिति सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले प्रदेश स्तर स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(छ) "व्यवस्थापन समिति" भन्नाले दफा ६ को उपदफा (१) बमोजिमको विपन्न नागरिक औषधि उपचार व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ज) "विपन्न बिरामी नागरिक" भन्नाले बागमती प्रदेश भित्र स्थायी बसोबास भएका दफा ३ को उपदफा (२) बमोजिम गठित समितिले सिफारिस गरेको वा नेपाल सरकारले जारी गरेको गरीब परिवार परिचयपत्र वाहक विपन्न बिरामी नागरिक सम्झनु पर्छ ।

(झ) "स्थानीय तह" भन्नाले बागमती प्रदेश भित्र रहेको महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका समेतलाई सम्झनु पर्छ ।

(ञ) "स्थायी बासिन्दा" भन्नाले अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धी ऐन, २०७७ को दफा २ को खण्ड (ङ) बमोजिम बागमती प्रदेश भित्रका स्थानीय तहबाट सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा भनि सिफारिस भई आएको नेपाली नागरिक सम्झनु पर्छ ।

(ट) "संघीय निर्देशिका" भन्नाले संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका,२०७५ सम्झनु पर्छ ।

(ठ) "शोधभर्ना रकम" भन्नाले अस्पतालहरुले क्यान्सर उपचार सेवा प्रदान गर्दा लागेको रकम मन्त्रालय समक्ष शोधभर्नाको लागि मागेको रकम सम्झनु पर्छ ।



निमित्त सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बागमती प्रदेश हेटौंडा, मकवानपुर, नेपाल

३. <u>विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने</u>: (१) आर्थिक रूपले विपन्न नागरिकले दफा २ को खण्ड (ख)मा उल्लेख भए बमोजिमका क्यान्सर रोगको उपचार गराउँदा प्रदेश भित्र स्थायी बसोबास भएको स्थायी बासिन्दाले सम्बन्धित स्थानीय तहमा संघीय निर्देशिका को दफा ३ को उपदफा (४) बमोजिम गठित सिफारिस समितको सिफारिस वा प्रदेश भित्र स्थायी बसोबास भएको नेपाल सरकारले जारी गरेको गरिब परिचयपत्रको आधारमा विरामीले विल बमोजिम बढीमा रु पचास हजार सम्मको उपचार सहुलियत अस्पतालबाट प्राप्त गर्नेछ ।

(२) विपन्न नागरिकले यो कार्यविधि अनुसार औषधि उपचार सहुलियत प्राप्त गर्न संघीय निर्देशिका बमोजिम क्यान्सर रोगको उपचारका लागि तोकिएको सिमा भित्रको रकम बराबरको उपचार सहुलियत प्राप्त गरिसकेको हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको उपचार सहुलियत प्राप्त गर्न अनुसूची-२ बमोजिमको निवेदनसाथ अस्पतालबाट पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपचार सहुलियत प्राप्त गर्न संघीय निर्देशिका बमोजिम सो रोगको लागि पेश गरिएको स्थायी बसोबास गरेको प्रमाण खुल्ने लगायतका कागजातहरु समेत पेश गर्न सकिनेछ ।

४. <u>अस्पतालको काम, कर्तव्य र अधिकार</u> : यस कार्यविधिमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त अस्पतालका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दफा ३ को उपदफा (३) बमोजिम निवेदन दिएका विपन्न विरामीको अभिलेख अनलाइन विद्युतिय प्रविधिमा अनिवार्य रूपमा राखि अलग-अलग फाइल खडा गरि राख्ने,

(ख) संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृत स्तरीय उपचार प्रोटोकल (standard treatment protocol) बमोजिम सेवा प्रदान गर्ने,

(ग) तोकिएको सहुलियत रकम सम्मको परिधिमा रही बिरामीलाई चिकित्सकको सल्लाह बमोजिम आवश्यक पर्ने औषधि, औषधिजन्य सामाग्री, निदानात्मक सेवा, शल्यक्रिया, शैया आदि समेत अस्पतालले उपलब्ध गराउनु पर्नेछ ।

(घ) विपन्न विरामी नागरिकलाई प्राप्त हुने सुविधा बापतको रकमको सर्वाधिक सदुपयोग हुने वातावरण अस्पताल आफैंले मिलाउनु पर्ने ।

(ङ) सुचीकृत हुने अस्पतालले अस्पताल फार्मेसी सेवा संचालन गरेको हुनुपर्ने र क्यान्सर रोगको लागि स्तरीय उपचार प्रोटोकल अनुसार आवश्यक औषधीहरु अस्पताल फार्मेसीमा उपलब्ध हुनुपर्ने,

(च) विपन्न बिरामी नागरिकलाई प्राथमिकता दिई उपचारको व्यवस्था मिलाउनु पर्ने,

(छ) विपन्न विरामी नागरिकले औषधि उपचार सेवा लिइरहेको अस्पतालबाट अन्य विपन्न सेवा उपलव्ध हुने अस्पतालमा थप उपचारको लागि प्रेषण गर्नुपर्ने भएमा विरामीले पाउनु पर्ने बाँकी रकम बराबरको उपचार सुविधा पाउन सक्नेछन् । यसको लागि सम्बन्धित अस्पतालबाट उपचार सुविधा पाएको रकम, प्रेषण पुर्जा र अनुसूची-२ बमोजिमको निवेदनको प्रतिलिपि समेत संलग्न गरी सम्बन्धित अस्पतालमा पठाई सो को जानकारी मन्त्रालयलाई दिने,

(ज) खण्ड (छ) बमोजिमको व्यहोरा अनलाइन प्रविधिबाट अनिवार्य अभिलेख गरि प्रेषण गर्नुपर्ने,



निमित्त सचिव

(झ) तोकिएको सहुलियत रकमभन्दा बढी रकम बिरामीको लागि खर्च नहुने गरी स्पष्ट अभिलेखको व्यवस्था मिलाउने,

(ञ) खण्ड (ग) बमोजिम औषधि उपचार उपलब्ध गराएको अभिलेख अनुसूची-३ र अनुसूची-४ बमोजिमको अभिलेख रजिष्टर तथा विद्युतीय प्रविधि अनलाइन रेकर्ड तथा अनलाइन रिपोर्टिङ अनिबार्य राख्नु पर्नेछ । अनलाइन रिपोर्टिङ नगर्ने अस्पतालहरूको सम्झौता रद्द गर्न सकिनेछ ।

(ट) अस्पतालले चौमासिक रुपमा सेवाको विवरण र खर्च भएको रकम अस्पतालको सूचना पाटीमा सार्वजनिक गर्नुपर्ने,

(ठ) अस्पतालले 'विपन्न विरामी नागरिकको उपचारको सम्बन्धमा समय समयमा मन्त्रालयले दिएको निर्देशन पालना गर्नु पर्ने,

(ड) अस्पतालले उपचार खर्चको सोधभर्ना माग गर्दा मासिक रुपमा अनुसूची-५ बमोजिमको प्रतिवेदन फाराममा भरी मन्त्रालयमा प्रत्येक महिनाको सात गतेभित्र अनिवार्य रुपमा पठाउनु पर्ने,

(ढ) विरामी डिस्चार्ज हुँदा तोकिएको रकम मध्ये के कति रकम वरावर उपचार सेवा प्रदान गरिएको हो सो वारे विरामीलाई जानकारी दिई सोही अनुसार अनुसूची-५ बमोजिमको अभिलेख रजिष्टर तथा विद्युतीय प्रविधिमा अनिवार्य रूपमा अद्यावधिक गर्नु पर्ने,

(ण) विपन्न विरामी नागरिक वा निजको कुरुवा, डयुटी चिकित्सक वा नर्सलाई प्रत्येक विलमा दस्तखत गराई अस्पतालको बिरामी अभिलेख फाइलमा दुरुस्त राख्नुपर्ने,

(त) यस कार्यविधि बमोजिम आवश्यक पर्ने कागजातहरु प्राप्त गर्न ढिला भएको अवस्थामा डिस्चार्ज हुने दिनसम्म कागजातहरु ल्याएमा सम्बन्धित अस्पतालले सम्बन्धित विरामीलाई तोकिएको सहुलियत रकम वरावरको उपचार सेवा दिनु पर्ने र विरामीले अनुसुची-२ बमोजिमको निवेदन भने दिनु पर्नेछ र अस्पतालले तोकिए भन्दा वढी रकमको सोधभर्ना माग गर्न पाउनेछैन ।

तर विरामीको उपचारका क्रममा मृत्यु भई आवश्यक कागजातहरु नल्याएमा अस्पतालका निर्देशक, उपचारमा सम्लग्न प्रमुख चिकित्सक र सामाजिक स्वास्थ्य सुरक्षा इकाई प्रमुखले सिफारिस गरेमा तोकिएको सिमा भित्रको विरामीको खर्च भएको रकम सम्बन्धित अस्पतालले सोधभर्ना माग गर्न सक्नेछ ।

(थ) अस्पतालको सामाजिक स्वास्थ्य सुरक्षा इकाईमा आवश्यक जनशक्ति र प्रविधिको व्यवस्था गर्ने गराउने जिम्मेवारी अस्पताल प्रमुखको हुनेछ,

(ध) कुनै कारणवस सोधभर्ना रकम प्राप्त हुन ढिला भएमा पनि सेवा अवरुध्द गर्न नपाइने,

(न) अस्पताल दर्ता एवम् नविकरण प्रचलित कानून बमोजिम भएको हुनु पर्नेछ ।

(प) बिरामीको उपचार गर्ने अस्पतालमा उपचार हुन नसकी थप उपचारको लागि अर्को अस्पतालमा प्रेषण गर्नु पूर्व त्यस अस्पतालमा विरामीको उपचार हुने सम्बन्धमा यकीन गर्नुपर्ने,

(फ) विरामी थप उपचारका लागि अन्य सूचिकृत अस्पतालमा प्रेषण गर्नुपर्ने भएमा सम्बन्धित अस्पतालले सोझै गर्न सक्नेछन् । प्रेषण गरेको जानकारी शाखालाई सम्बन्धित अस्पतालले गर्नुपर्नेछ । विशेष कारण बाहेक विद्युतीय प्रविधि(अनलाइन) बाट अभिलेख नगरि गरिएको प्रेषण मान्य हुने छैन् ।



निमित्त सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बागमती प्रदेश हेटौंडा, मकवानपुर, नेपाल

(ब) विपन्न नागरिकलाई सुचिकृत अस्पतालबाट सेवा उपलब्ध गराइ सकेपछि क्यान्सर रोगको तोकिएको औषधि उपचारमा तोकिएको शोधभर्ना हुने रकम सकिए पनि उसलाई थप उपचार गर्नुपर्ने भएमा साविककै सहुलियत दररेटमा सेवा उपलब्ध गराउनु पर्नेछ

५. <u>सम्पर्क केन्द्रः</u> यस कार्यविधि वमोजिम विपन्न नागरिकलाई उपचार सेवा प्रदान गर्ने सम्बन्धमा प्रभावकारी व्यवस्थापनको लागि अस्पतालले संघीय सरकारले स्थापना गरेको सम्पर्क केन्द्र मार्फत गर्नु पर्नेछ।

६. <u>व्यवस्थापन समितिः</u>(१) यस कार्यविधि बमोजिम क्यान्सरका विपन्न बिरामी नागरिकलाई प्रदान गरिने औषधि उपचार सेवालाई गुणस्तरीय, व्यवस्थित एवम् पारदर्शी बनाउन आवश्यक निर्देशन, सिफारिस एवम् अस्पताल तथा विरामीको औषधि उपचार खर्च निर्धारण गर्न देहाय बमोजिमको एक विपन्न नागरिक औषधि उपचार व्यवस्थापन समिति रहनेछः-

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) निर्देशक, निर्देशनालय - सदस्य

(ग) महाशाखा प्रमुख, बजेट तथा कार्यक्रम, आर्थिक मामिला तथा योजना मन्त्रालय मन्त्रालय- सदस्य

(घ) प्रतिनिधी,उपसचिव वा सो सरह, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, -सदस्य

(ङ) प्रतिनिधी,उपसचिव(कानून), आन्तरिक मामिला तथा कानून मन्त्रालय, -सदस्य

(च) प्रमुख, अस्पताल विकास तथा चिकित्सा महाशाखा, मन्त्रालय -सदस्य

(छ) प्रमुख,नीति, कानून, मापदण्ड,योजना तथा जनस्वास्थ्य महाशाखा,मन्त्रालय -सदस्य सचिव

(२) व्यवस्थापन समितिको बैठक बर्षमा कम्तीमा ३ पटक बस्नेछ ।

(३) व्यवस्थापन समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. <u>व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः</u> यस कार्यविधिमा अन्यत्र उल्लिखित काम कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) क्यान्सरका विपन्न बिरामी नागरिक औषधि उपचार कार्यक्रमलाई विस्तार गर्नका साथै प्रभावकारी एवम् गुणस्तरीय सेवाका लागि अनुगमन, निर्देशन गर्ने,

(ख) विपन्न बिरामी नागरिक औषधि तथा उपचार कार्यक्रमलाई आवश्यक पर्ने थप बजेटको व्यवस्था सिफारिस गर्ने,

(ग) कार्यविधि अनुरुप विपन्न विरामी नागरिक औषधि उपचार कार्यक्रम कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आई परेमा व्यवस्थापन समितिले आवश्यक निर्णय गरी समाधान गर्ने,

(घ) यस कार्यविधि बमोजिम सेवा उपलब्ध नगराउने अस्पतालहरूलाइ सूचीबाट हटाउने,

(ङ) नेपाल सरकारले बागमती प्रदेश भित्र क्यान्सरको उपचार गर्ने अस्पताललाई सूचीमा थप गरेमा सो अस्पताललाई यस कार्यविधिको अनुसुची-१मा थप गर्न ।

निमित्त सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

८. **भुक्तानी सिफारिस समितिः** (१) यस कार्यविधि बमोजिम क्यान्सर रोगका विपन्न बिरामी नागरिकलाई सेवा प्रदान गरिसके पछि अस्पतालबाट प्राप्त प्रतिवेदन विश्लेषण र रुजु गरी अस्पतालहरुलाई सोधभर्ना भुक्तानी सिफारिसका लागि देहाय बमोजिमको एक विपन्न नागरिक औषधि उपचार भुक्तानी सिफारिस समिति रहनेछ :-

(क) प्रमुख, नीति, कानून, मापदण्ड,योजना तथा जनस्वास्थ्य महाशाखा, मन्त्रालय -संयोजक

(ख) प्रमुख, अस्पताल विकास तथा चिकित्सा महाशाखा, मन्त्रालय -सदस्य

(ग) अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय -सदस्य

(घ) प्रमुख, आर्थिक प्रशासन शाखा,मन्त्रालय -सदस्य

(ङ) कानून अधिकृत, मन्त्रालय -सदस्य

(च) अधिकृत,नीति, कानून, मापदण्ड,योजना तथा जनस्वास्थ्य महाशाखा -सदस्य सचिव

(२) भुक्तानी सिफारिस समितिको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ ।

(३) अस्पतालबाट पेश भएका प्रतिवेदन अध्ययन, विश्लेषण तथा रुजु गरी सोधभर्ना रकम भुक्तानीका लागि सिफारिस गर्नेछ ।

(४) कार्यविधि अनुरुप विपन्न नागरिक औषधी उपचार कार्यक्रम कार्यन्वयनका क्रममा कुनै बाधा अड्चन आइपरेमा व्यवस्थापन समितिमा समाधानका लागि सिफारिस गर्ने ।

(५) आवश्यकता अनुसार सुचिकृत सेवा प्रदायक स्वास्थ्य संस्थाहरुमा अनुगमन गर्ने ।

९. **उपचार सेवा शुल्क सम्बन्धी व्यवस्थाः** (१) अस्पतालले क्यान्सर रोगको उपचार वापत लगाउने सेवा शूल्कका सम्बन्धमा संघीय निर्देशिकाले तोके बमोजिम हुनेछ ।

(२) मन्त्रालयले क्यान्सर रोगको उपचार सेवा प्रदान गर्ने अस्पतालसंग बार्षिक रुपमा अनुसूची-६ बमोजिम संझौता गर्नु पर्नेछ ।

१०. **दोहोरो सुविधा लिन नहुनेः** (१) यस कार्यविधि बमोजिम प्रदान हुने औषधी उपचार सेवा तोकिएको रकमको सीमा ननाघ्ने गरी क्यान्सर रोगमा एक पटक वा पटक पटक गरी प्रदान गरिनेछ ।

(२) एक अस्पतालबाट क्यान्सर रोगको औषधी उपचार सेवा सीमा भित्रको रकम बराबर प्राप्त गरिसकेको व्यक्तिले पुनः सोही रोगका लागि सोही अस्पताल वा अर्को अस्पतालबाट यस कार्यविधि बमोजिमको सुबिधा लिन पाईने छैन ।

११. **जनशक्ति र बजेट व्यवस्थापनः** (१) यस कार्यविधि बमोजिमका सम्पूर्ण काम कारबाही मन्त्रालयको नीति कानून मापदण्ड योजना तथा जनस्वास्थ्य महाशाखाबाट सम्पादन हुनेछ र सोको लागि आवश्यक जनशक्तिको व्यवस्थापन मन्त्रालयले गर्नु पर्नेछ ।

(२) बिपन्न नागरिक औषधी उपचार कार्यक्रम सञ्चालनका लागि विपन्न नागरिक औषधी उपचार शिर्षकमा विनियोजित वार्षिक बजेटको बढिमा १ (एक) प्रतिशतको परिधि भित्र रही आवश्यक कार्यक्रम प्रस्ताव गरी मन्त्रालयबाट स्वीकृती गराई कार्य सम्पादन गर्न सक्नेछ ।

१२. **अभिलेख तथा प्रतिवेदन** : (१) विरामीको औषधि उपचार सम्बन्धी विवरण अनूसुची-३ बमोजिमको अभिलेख रजिष्ट्रर र सोही बमोजिमको विद्युतीय प्रविधि (सफ्टवेयर) मा अनिवार्य प्रविष्ट गर्नु पर्नेछ ।

निमित्त सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

(२) बिरामीले संघीय सरकारबाट उपलब्ध गराएको सीमा भित्रको सहुलियत लिइ सकेको व्यहोरा पुष्टी गर्न उपदफा (१) मा उल्लेख गरिएको विद्युतीय प्रविधि (सफ्टवेयर) र संघीय निर्देशिकामा उल्लेख गरिएको सफ्टवेयरसँग सञ्जाल बनाई आवश्यक तथ्याङ्क आदान प्रदान गरिनेछ ।

(३) अस्पतालहरुले सेवा दिएका विरामीहरुको विवरण अभिलेख रजिष्टरबाट उतार गरि मासिक रुपमा अनूसुची- ४ र अनूसुची- ५ बमोजिमको मासिक प्रतिवेदनमा उतार गरि प्रत्येक महिनाको ७ गते भित्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) उपचारका लागि सिफारिस गरी पठाईएका बिरामीहरुको विवरण विद्युतीय प्रविधिमा समेत अभिलेख राखी तोके बमोजिमको ढाँचामा विवरण भरी मन्त्रालयमा अर्धवार्षिक रुपमा पठाउनु पर्ने ।

१३. <u>निरिक्षण, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था</u>: विपन्न नागरिकलाई औषधि उपचार सेवा प्रदान गर्ने कार्यको अनुगमन मन्त्रालय तथा स्वास्थ्य निर्देशनालय र जिल्ला स्थित स्वास्थ्य कार्यालय/ अस्पतालबाट नियमित रुपमा गर्नु पर्नेछ ।

१४. <u>समन्वय र सहकार्य गर्ने</u>: मन्त्रालयले यस कार्यविधि बमोजिमका काम कारबाही गर्दा आवश्यकता अनुसार संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र मातहतको सम्बन्धित विभाग र महाशाखा तथा अन्य सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गर्नेछ ।

१५. <u>लेखापरीक्षण गराउनु पर्ने</u> : (१) प्रचलित कानून वमोजिम लेखा परीक्षण गराउनु सम्बन्धित अस्पतालको कर्तव्य हुनेछ । प्रत्येक बर्ष सम्झौता गर्दा लेखा परिक्षण प्रतिवेदन र सरकारी अस्पताल बाहेक अन्यको हकमा कर चुक्ता प्रमाण पत्र अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिमको लेखा परीक्षणको प्रतिवेदन निजी, गैह्सरकारी अस्पतालले मार्ग मसान्तसम्म तथा सरकारी अस्पतालले चैत्र मसान्तसम्म मन्त्रालयमा बुझाउनु पर्नेछ । यस्तो प्रतिवेदन यथासमयमा प्राप्त नभए प्रदान गरिएको उपचार सेवा वापतको रकम सोधभर्ना रोक्का गर्न सकिनेछ ।

(३) लेखा परिक्षण प्रतिवेदनमा विपन्न नागरिक औषधि उपचार वापत मन्त्रालयबाट प्राप्त भएको रकमको आम्दानी र खर्चको विवरण छुट्टाछुट्टै देखिएको हुनुपर्नेछ ।

(४) उपचारका लागि सिफारिस गरी पठाईएका बिरामीहरुको विवरण विद्युतीय प्रविधीमा समेत अभिलेख राखी तोके बमोजिमको ढाँचामा विवरण भरी मन्त्रालयमा अर्धवार्षिक रुपमा पठाउनु पर्ने ।

१६. <u>कारवाही हुने</u> : (१) यस कार्यविधि विपरित कार्य गर्ने सम्बन्धित स्थानीय तहको सम्बन्धित पदाधिकारी वा कर्मचारी, अस्पताल, अस्पताल प्रमुख तथा सामाजिक स्वास्थ्य सुरक्षा इकाई प्रमुख वा यस कार्यविधि बमोजिम अधिकार प्राप्त गरी कार्य गर्न पाएको जुनसुकै व्यक्ति एवं कमचारीलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

(२) यस कार्यविधि विपरित कार्य गर्ने अस्पताललाई सोधभर्ना गर्नु पर्ने रकम रोक्का गरिनेछ। साथै मन्त्रालयले त्यस्ता अस्पताललाई सूचीबाट हटाउनुका साथै प्रचलित कानून बमोजिम कानूनी कारवाही चलाउनेछ।

१७. <u>बाधा अड्काउ फूकाउने</u>: यस कार्यविधि कार्यान्वयन गर्दा कुनै कठिनाई आएमा मन्त्रालयले यस कार्यविधिको मुल मर्म विपरित नहुने गरी प्रचलित कानूनको अधिनमा रहि आवश्यक बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ ।

निमित्त सचिव

०७७/८/१०

अनुसूची १

दफा २ को खण्ड (क) सँग सम्बन्धित

क्यान्सर रोग लागेका विपन्न नागरिकहरुलाई औषधि उपचारका लागि सूचिकृत गरिएका अस्पतालहरु

| क.सं. | संस्थाको नाम | कैफियत |
|---|---|---|
| १ | चि.वि.रा.प्र.वीर अस्पताल, महाबौध्द, काठमाण्डौ | |
| २ | त्रि.वि.शिक्षण अस्पताल, महाराजगंज, काठमाण्डौ | |
| ३ | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन, ललितपर | |
| ४ | परोपकार प्रसूती तथा स्त्रीरोग अस्पताल, थापाथली, काठमाडौ | |
| ५ | कान्तिवाल अस्पताल, महाराजगञ्ज, काठमाडौ | |
| ७ | निजामती कर्मचारी अस्पताल, मिनभवन, काठमाडौ | |
| ८ | मनमोहन कार्डियो थोरासिक, भास्कूलर तथा ट्रान्सप्लान्ट सेन्टर, महाराजगंज, काठमाडौ | |
| ९ | वि.पी कोइराला मेमोरीयल क्यान्सर अस्पताल, भरतपूर, चितवन | |
| १२ | चितवन मेडिकल कलेज, शिक्षण अस्पताल, चितवन | |
| १३ | भक्तपुर क्यान्सर अस्पताल, भक्तपूर | |
| १४ | वि.एण्ड.वि.अस्पताल, ग्वार्खो, ललितपुर | |
| १५ | क्यान्सर केयर नेपाल, जावलाखेल, ललितपुर | |
| १६ | काठमाण्डौ क्यान्सर सेन्टर, ताथली, भक्तपुर | |
| १७ | नेपाल क्यान्सर हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि. ललितपुर | |
| १८ | धुलीखेल अस्पताल, काभ्रेपलाञ्चोक | |
| १९ | नेशनल सिटी हस्पिटल, भरतपुर, चितवन | |
| २० | भरतपुर सेन्ट्रल हस्पिटल, चितवन | |
| २१ | आश्विन्स मेडिकल कलेज एण्ड हस्पिटल प्रा.लि. (नेपाल मेडिसिटी) | |

निमित्त सचिव

अनुसूची– २

दफा ३ को उपदफा (३) सँग सम्बन्धित

प्रदेश सरकारबाट उपलब्ध गराउने क्यान्सर रोग उपचार सहुलियत प्राप्त गर्नको लागि दिनुपर्ने  निवेदनको ढाँचा

श्रीमान अस्पताल प्रमुखज्यू,

........................................ अस्पताल

म.................... ले ........................... क्यान्सर रोगको उपचार हाल...................... अस्पतालमा गराईरहेको र हाल सम्म संघीय सरकारबाट उपलब्ध गराउने सिमा भित्रको सम्पूर्ण रकम बराबरको उपचार सहुलियत प्राप्त गरिसकेकोले देहाय बमोजिमको विवरण भरि प्रदेश सरकारबाट प्रदान गर्ने थप उपचार सहुलियतको लागि व्यवस्था मिलाईदिनुहुन अनुरोध गर्दछु।

१. बिरामीको विवरण

(क) नाम थर ........ (ख) लिङ्ग.............. (ग) उमेर........ बर्ष

(घ) जातिगत विवरण............

२. स्थायी बसोबास विवरण

(क) जिल्ला ........ (ख) पालिका.............. (ग) वडा........

(घ) टोल............ (ङ) सम्पर्क फोन न................

(च) नागरिकता न....................../जारी भएको जिल्ला................................

३. अस्थाई बसोबास विवरण

(क) जिल्ला ........ (ख) पालिका.............. (ग) वडा........

(घ) टोल............ (ङ) सम्पर्क फोन न................

४. हाल उपचार गराईरहेको अस्पतालको नाम/ठेगाना................................ विरामी दर्ता नं.

५. अब उपचार गराउन चाहेको/प्रेषण भएको प्रदेश भित्रको अस्पताल......................

म................................... बागमती प्रदेशभित्र  स्थायी बसोबास गर्ने प्रदेशको स्थायी बासिन्दा रहेको स्वयम घोषणा गर्दछु साथै माथिको विवरण साँचो हो, झुटो ठहरिएमा प्रचलित कानून बमोजिम सहुँला बुझाउला।

...................................

निवेदकको हस्ताक्षर

नामः

मितिः

निमित्त सचिव



प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची– ३

दफा ४ को खण्ड (ज) सँग सम्बन्धित

अस्पतालको नामः फोटो

विरामीको नामः उमेरः लिङ्गः म/पु/तेश्रो नागरिकतानं./जन्मदर्तानं.(बालकको लागि):

बुवाको नामः आमाको नामः क्यान्सर रोगको किसिमः

स्थायी ठेगानाः

जिल्लाः पालिकाः वडानं. टोलको नामः

सम्पर्क फोन नं.:

उपचारमा आएको मितिः विपन्न दर्ता नं (भएमा):

| क्र.स. | विरामी उपचार तथा फलोअपमा आएको मिति | | | उपचार सेवा तथा उपचार खर्च सम्बन्धी विवरण | | | | | विरामीले निःशुल्क उपचार सुविधा पाउने अधिकतम रकम | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ओ.पि.डी | निदान (क्यान्सरको प्रकार) | शैया | शल्य क्रिया | औषधि | निदानात्मक सेवा | उपचारमा खर्च भएको जम्मा रकम | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

नोटः विपन्नको सिफारिस पत्र तथा प्रदेश भित्रको स्थायी बसोबास रहेको खुल्ने कागजात , चिकित्सकको पुर्जा, खर्चको बिल, भपाई आदि सम्लग्न गरी अनिवार्य रुपमा छुट्टाछुट्टै फाइलिङ गर्नु पर्नेछ र कैफियत महलमा मृत्यु, प्रेषण भएमा सो उल्लेख गर्ने।

निमित्त सचिव

अनुसूची-४

दफा ४ को खण्ड (ञ) सँग सम्बन्धित

<u>विपन्न नागरिकलाई क्यान्सर रोग उपचार सेवा गरिएको मासिक प्रतिवेदन फाराम</u>

सम्वन्धित अस्पतालः

मितिः

आर्थिक वर्षः

२०७.. साल ........महिनाको मासिक प्रतिवेदन।

| क्र.स | जिल्ला | पालिकाको नाम | महिला | पुरुष | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| जम्मा नयाँ विरामी संख्या | | | | | |
| यस महिनामा उपचार गरिएका पुराना विरामीको संख्या | | | | | |
| प्रेषण गरिएका विरामी संख्या | | | | | |
| उपचार गराउदा गराउदै मृत्यु भएका विरामीको संख्या | | | | | |

तयार गर्ने

नामः

पदः

दस्तखतः

सदर गर्ने

नामः

पदः

दस्तखतः

निमित्त सचिव

अनुसूची ५

दफा ४ को खण्ड (ङ) सँग सम्वन्धित

## विपन्न नागरिकलाई क्यान्सर रोग सम्वन्धि उपचार सेवा गरिएको प्रतिवेदन फाराम

अस्पतालः

मितिः

आर्थिक वर्षः२०७.. साल ................महिनाको प्रतिवेदन।

| सि.नं. | स्थायी बसोबास जिल्ला | दर्ता नं. | | विरामीको नाम | उमेर | | | नागरिकता नं. | क्यान्सर रोगको किसिम | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नंया | पुराना | | महिला | पुरूष | तेश्रो लिंङ्गी | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

तयारगर्ने

नामः

पदः

दस्तखतः

सदरगर्ने

नामः

पदः

दस्तखतः

निमित्त सचिव

अनुसूची-६

दफा ९ को उपदफा (२) सँग सम्बन्धित

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, हेटौडा र ................................बिच भएको सम्झौतापत्र।

सामाजिक विकास मन्त्रालय, हेटौडा (यसपछि प्रथम पक्ष भनिएको) ले क्यान्सर रोग लागेका विपन्न नागरिकलाई उपचारमा सहुलियत प्रदान गर्ने सम्वन्धी कार्यविधि,२०७७ अनुरूप विपन्न नागरिकहरूको औषधि उपचार कार्यक्रम अन्तरगत क्यान्सररोगका विरामीहरूलाइ प्रदेश सरकारले प्रदान गरेको सहुलितय उपलब्ध गराउन यस.............................................अस्पताल(यसपछि द्वितीय पक्ष भनिएको) प्रदेश सरकारबाट सूचिकृत भएको हुँदा देहाय बमोजिम शर्तहरूको अधिनमा रहि सेवा उपलब्ध गराउन दुवै पक्षको अधिकार प्राप्त अधिकारीहरूको तर्फबाट संयुक्त दस्तखत गरी यो सम्झौता गरिएको छ।

सम्झौताका शर्तहरू

१. द्वितीय पक्षले स्थानीय तहमा गठन भएको विपन्न नागरिक औषधि उपचार सिफारिस समितिबाट सिफारिश भइ आएका विरामीहरूको उपचार सेवा क्यान्सर क्यान्सर रोग लागेका विपन्न नागरिकलाई उपचारमा सहुलियत प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७७ को परिधि भित्र रहि विरामिहरूलाइ निःशुल्क उपचार सेवा दिनुपर्नेछ।

२. द्वितीय पक्षले चिकित्सकले सिफारिस गरे बमोजिम तोकिएका क्यान्सर रोगको उपचारमा प्रयोग हुने ...........................सेवा निःशुल्क रूपमा उपलब्ध गराउनुपर्नेछ।

३. विरामीको सहुलितय रकम सकिएपछि पनि विपन्न विरामिको थप उपचार रकम तिरेर गर्नुपरेमा सोही शुल्क नै लगाउनुपर्नेछ।

४. द्वितीय पक्षले क्यान्सर रोगको उपचार गरे बापत सिमा भित्र रहि विरामीहरूलाइ उपचार सहुलियत उपलब्ध गराउनु पर्नेछ । सोही बमोजिम प्रथम पक्ष समक्ष सोधभर्ना भुक्तानि माग गर्नुपर्नेछ ।

५. उपचार सेवा शुल्क दररेट संघीय निर्देशिका बमोजिम लागू गर्नुपर्नेछ ।

६ द्वितीय पक्षले उपचार खर्च विवरण तोकिएको ढांचामा प्रत्येक महिनाको ७ गते भित्र प्रथम पक्ष समक्ष आइपुग्ने गरि पठाउनुपर्नेछ।

७. द्वितीय पक्षले उपचार विवरणको अभिलेख प्रतिवेदन अनलाइनबाट अनिवार्य दुरूस्त राख्नुपर्नेछ। अनलाइन अभिलेख प्रतिवेदन नगरेमा प्रथम पक्ष भुक्तानी दिन बाध्य हुने छैन्।



निमित्त सचिव

८. द्वितीय पक्षले विरामि प्रेषण गर्दा विरामिको उपचार सुनिश्चित भइसकेपछि सिधै उपचार गर्ने अस्पतालमा गर्नुपर्नेछ। विरामिको उपचार विवरण सहितको अनलाइन प्रेषण अनिवार्य गर्नुपर्नेछ।

९. कार्यविधि अनुरूप तोकिएको प्रकृया पुरा नगरि आएका विरामीको उपचार द्वितीय पक्षले गरेमा सो वापतको सोधभर्ना भुक्तानी गर्न प्रथम पक्ष बाध्य हुनेछैन्।

१०. प्रथमपक्षले उपचार खर्चको सोधभर्ना रकम कुनै कारणबश भुक्तानि गर्न ढिलाइभएमा द्वितीय पक्षले उपचार सेवा रोक्न पाइनेछैन्।

११. यस सम्बन्धि कुनै समस्या परेमा दुवै पक्ष वसि कार्यविधि बमोजिम समाधान गरिनेछ।

१२. यो सम्झौताको म्याद ...............गते देखी .................सम्म का लागि मात्र हुनेछ।

१३. अन्य सम्झौताका बुंदाहरू..................................

<u>सम्झौताका पक्षधरहरू</u>

द्वितीय पक्षका तर्फबाट अख्तियार प्राप्त अधिकारीको

दस्तखतः

नामः

दर्जाः

मितिः

छाप

प्रथम पक्षका तर्फबाट अख्तियार प्राप्त अधिकारीको

दस्तखतः

नामः

दर्जाः

मितिः

छाप

निमित्त सचिव